मिति: २०६२।०५।३
बैठक संख्या ४ बेलुकी ५:०० बजे

आज मिति २०६२।०५।०३ गते धरान उपमहानगर पालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिति:

श्री टीकादत्त राई - कार्यकारी अधिकृत - धरान उप.म.न.पा.

आमन्त्रित:

श्री गणेशप्रसाद खतिवडा - व.प्रशासकिय अधिकृत

श्री खगेन्द्र प्रसाद खतिवडा - व.कर अधिकृत

श्री सुरज श्रेष्ठ - व.इन्जिनियर

श्री रमेश शाह - व.आन्तरिक लेखा परिक्षक

श्री भेषराज अधिकारी - व.लेखा अधिकृत

श्री राजु पोखरेल - इन्जिनियर

श्री सुनील नेपाल - सामाजिक अधिकृत

निर्णयहरु:

निर्णय नं.१ : भाडा सम्झौता सम्बन्धमा - धरान ८ स्थित सभागृहको दक्षिण पश्चिम पट्टिको १ कोठा र ३ कट्ठा खाली जग्गा सामान भण्डारण गर्न खानेपानीको ठेकेदार Tianjin - Tundu (JV) (टिआनजिङ तुन्डी जे.भी.) ले निवेदनबाट माग गरेकोमा मासिक रु १०,०००।- (दशहजार) ले पहिलो वर्ष वार्षिक एकमुस्ट अग्रिम लिने र दोस्रो वर्ष १०% ले वृद्धि गर्ने गरी जम्मा २ वर्षका लागि भाडामा दिने सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं.२ - घरनक्सा नामसारी सम्बन्धमा: यस कार्यालयले भवनको नक्सा नामसारी गर्दा लिने नक्सा नामसारी दस्तुर निर्धारणहुँदा पुर्ण स्वामित्व परिवर्तनमा मात्र निर्धारण भई दस्तुर लिदै आएको र स्वामित्व साझेदार थपघट हुँदा लाग्ने नामसारी दस्तुरको बारेमा स्पष्ट उल्लेख नभएकोहुँदा साझेदार थप वा घट हुँदा करदातामा हुने परिवर्तनलाई आधारमानी हाल लाग्ने घरनक्सा पास दस्तुरको २५% रकम साझेदार नक्सा नामसारी दस्तुर लिने निर्णय गरियो।

निर्णय नं. ३ - करार सम्झौता नविकरण गर्ने सम्बन्धमा: यस कार्यालयमा कित देखि करारमा कार्यरत कर्मचारीहरुको मिति २०६२ साल असार मसान्तमा करार अवधि समाप्त भएको साथै कर्मचारीहरुको सेवा आवश्यक समेत रहेकाले आगामी परिषदबाट अनुमोदन हुनेगरी कितदेखि कामगरी आएका कर्मचारीहरुको करार अवधि १ बर्षका लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ - कार्यविधि स्वीकृति सम्बन्धमा:- नेपाल सरकार, एशियाली विकास बैंक र यस उपमहा-नगरपालिकाको संयुक्त लगानीमा धरानमा एकिकृत शहरी विकास योजना अन्तरगत धरान खानेपानी आयोजना जनमुखी ढंगले संचालन गर्न धरान उपमहा-नगरपालिका र सर्वदलिय तथा सर्व पक्षिय खानेपानी संयुक्त संघर्ष समिति बीच मिति २०६१/०५/२५ गते भएको ११ बुंदे सहमतीको बुंदा नं ७(सात) अनुसार गठन हुने खानेपानी आयोजना अनुगमन समिति कार्यान्वयन कार्यविधि मिति २०६२/०४/०३ गते बसेको सर्वदलिय बैठकले पारित गर्न सिफारिस गरे अनुसार पाना ४(चार) भएको कार्यविधि (TOR) स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । स्वीकृत कार्यविधीलाई यसै माइन्युटमा टाँस गरी प्रमाणित गरिएको छ ।

आजको बोर्ड बैठक बेलुकी ६:०० बजे समाप्त गरियो ।

माइन्यूटकर्ता - भक्तिराज शर्मा - [illegible]